आज मिति २०८३ साल श्रावण ०३ गते आईतवारका दिन विहान ०८ ०० बजे यस नगरपालिकाको नगर सभाको १५ औं अधिवेशन (बन्द सत्र) को बैठक नगरसभा अध्यक्ष श्री कारीराम यादव ज्यूको अध्यक्षतामा नगर सभाको कार्यालय, सरस्वती मा.वि.ठिल्लामा बस्यो। उक्त बैठकमा उपस्थित नगर सभा सदस्यहरुकोउपस्थिति तपसिल अनुसार रहेको छ।

तपसिल:

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री कारी राम यादव | नगर सभा अध्यक्ष तथा नगर प्रमुख | सबैला नगरपालिका वडा नं २ | [signature] | |
| २ | श्री रहिमा खातुन | नगर सभा उपाध्यक्ष तथा नगर उप-प्रमुख | सबैला नगरपालिका वडा नं ८ | [signature] | |
| ३ | श्री खिम बहादुर भुजेल | नगर सभा सचिव तथा प्र.प्र.अ. | सबैला नगर कार्यपालिकाको कार्यालय | [signature] | |
| ४ | श्री मिथिला शाह | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं १ | [signature] | |
| ५ | श्री मुकेश कुमार पुर्वे सुडी | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं २ | [signature] | |
| ६ | श्री ताहीर मिया | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं ३ | | |
| ७ | श्री सत्य नारायण यादव | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं ४ | [signature] | |
| ८ | श्री गंगाराम यादव | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं ५ | [signature] | |
| ९ | श्री पुजन यादव | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं ६ | [signature] | |
| १० | श्री रामदेव सहनी मलाह | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं ७ | [signature] | |
| ११ | श्री सेराजुल राईन | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं ८ | [signature] | |
| १२ | श्री मनिस कुमार राय | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं ९ | [signature] | |
| १३ | श्री राज कुमार साह | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं १० | | |

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १४ | श्री सरोज कुमार यादव | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं ११ | | |
| १५ | श्री राम नारायण अधिकारी | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं १२ | | |
| १६ | श्री देव नारायण महतो | नगर सभा सदस्य तथा वडा अध्यक्ष | सबैला नगरपालिका वडा नं १३ | | |
| १७ | श्री अनिता देवी यादव | नगर सभा सदस्य तथा कार्यपालिका सदस्य (महिला) | सबैला नगरपालिका | | |
| १८ | श्री सिता देवी यादव | नगर सभा सदस्य तथा कार्यपालिका सदस्य (महिला) | सबैला नगरपालिका | | |
| १९ | श्री सकिला खातुन | नगर सभा सदस्य तथा कार्यपालिका सदस्य (महिला) | सबैला नगरपालिका | | |
| २० | श्री ललिता देवी कापर | नगर सभा सदस्य तथा कार्यपालिका सदस्य (महिला) | सबैला नगरपालिका | | |
| २१ | श्री रिंकि कुमरी महरा | नगर सभा सदस्य तथा कार्यपालिका सदस्य (महिला) | सबैला नगरपालिका | | |
| २२ | श्री निर्मला परीयार | नगर सभा सदस्य तथा कार्यपालिका सदस्य (दलित वा अल्पसंख्यक) | सबैला नगरपालिका 12 | | |
| २३ | श्री लखि चन्द्र दास | नगर सभा सदस्य तथा कार्यपालिका सदस्य (दलित वा अल्पसंख्यक) | सबैला नगरपालिका 7 | | |
| २४ | श्री बैधनाथ महतो | नगर सभा सदस्य तथा कार्यपालिका सदस्य (दलित वा अल्पसंख्यक) | सबैला नगरपालिका 13 | | |
| २५ | श्री अमिरका देवी साह | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १ | | |
| २६ | श्री सुमिता देवी सादा | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १ | | |
| २७ | श्री राम एकवाल साह | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं १ | | |
| २८ | श्री रजिन्दर नारायण यादव | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं १ | | |

| क्र.सं. | नामथर | पद | ठेगाना | वस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| २९ | श्री अनिता देवी | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १ | | |
| ३० | श्री शकुन्तला देवी | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं २ | | |
| ३१ | श्री मदन चौधरी | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं २ | | |
| ३२ | श्री राम जतन गडेरी | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं २ | | |
| ३३ | श्री संजु देवी | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ३ | | |
| ३४ | श्री फुल कुमारी महरा | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ३ | | |
| ३५ | श्री प्रमोद दास | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ३ | | |
| ३६ | श्री महबूद धोबी | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ३ | | |
| ३७ | श्री सोमित्रा देवी सादा | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ४ | | |
| ३८ | श्री इनुस राइन | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ४ | | |
| ३९ | श्री महिन्द्र धामी दनुवार | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ४ | | |
| ४० | श्री अधनिया खत्वेनी | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ५ | | |
| ४१ | श्री तसलिम मिया कवारी | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ५ | | |
| ४२ | श्री शिव शरण कापर केवट | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ५ | | |
| ४३ | श्री राधा देवी ठाकुर | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ६ | | |

| क्र.सं. | नामथर | पद | ठेगाना | वस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| ४४ | श्री पचिया महरा | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ६ | | |
| ४५ | श्री अशोक यादव | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ६ | | |
| ४६ | श्री राज कुमार कापर | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ६ | | |
| ४७ | श्री रुको देवी मण्डल | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ७ | | |
| ४८ | श्री कलसिया देवी मुसहर | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ७ | | |
| ४९ | श्री राम भरोस राय अमात | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ७ | | |
| ५० | श्री रामबली दास तत्मा | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ७ | | |
| ५१ | श्री धनेशरी देवी चमार | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ८ | | |
| ५२ | श्री जितनारायण राउत अमात | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ८ | | |
| ५३ | श्री कारी राम राउत अमात | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ८ | | |
| ५४ | श्री राज कली नट | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ९ | | |
| ५५ | श्री लक्ष्मण यादव | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ९ | | |
| ५६ | श्री मदन यादव | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ९ | | |
| ५७ | श्री रेखा देवी राई | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १० | | |
| ५८ | श्री पुनम देवी महरा | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १० | | |

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| ५९ | श्री राम जुलुम मुखिया | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं १० | | |
| ६० | श्री राजेश्वर यादव | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं १० | | |
| ६१ | श्री शान्ति कुमारी यादव | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं ११ | | |
| ६२ | श्री इसराजुल शेष | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ११ | | |
| ६३ | श्री रजावुल मंसुर | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं ११ | | |
| ६४ | श्री सकुन्ति कुमारी धामी दनुवार | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १२ | | |
| ६५ | श्री शोभा देवी सरबरिया | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १२ | | |
| ६६ | श्री इदिश मिया कवारी | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं १२ | | |
| ६७ | श्री शिव राउत | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं १२ | | |
| ६८ | श्री गुलाब देवी यादव | नगर सभा सदस्य तथा महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १३ | | |
| ६९ | श्री राम दुलारी देवी खत्वे | नगर सभा सदस्य तथा दलित महिला वडा सदस्य | सबैला नगरपालिका वडा नं १३ | | |
| ७० | श्री देवन राउत कुर्मी | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं १३ | | |
| ७१ | श्री दिप नारायण कुमर | नगर सभा सदस्य तथा वडा सदस्य | सबैला नगरपालिका वडा नं १३ | | |

# सबैला नगरपालिकाको
# विनियोजन ऐन, २०८३

सबैला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

# सबैला नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

सभाबाट स्वीकृत मितिः २०८३।०४।०३

प्रस्तावनाः सबैला नगरपालिकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सबैला नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम "सबैला नगरपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोष बाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची - १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७७,०७,४१,६७०।-(अक्षेरुपी सतहत्तर करोड सात लाख एकचालीस हजार छ सय सत्तरी रुपैया मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त सबैला नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू

खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**नगर सभाको १५ औं अधिवेशनको बन्दसत्र मिति २०८३।०४।०३ गते आइतबार पेश भएका कार्यसूची/प्रस्ताव र निर्णयहरु**

**बैठकका कार्यसूचीहरु :**

१. सबैला नगरपालिकाको आन्तरिक राजश्व संकलन गर्न पेश भएको आर्थिक विधेयक, २०८३ सम्बन्धमा ।

२. सबैला नगरपालिकाको संचित कोषबाट खर्च लेख्न, व्यवस्थापन गर्न पेश भएको विनियोजन विधेयक, २०८३ सम्बन्धमा ।

३. नगर कार्यपालिका संचालनको लागि आवश्यक पर्ने अन्य विविध प्रस्तावित विषयहरु सम्बन्धमा ।

**नगरसभाको बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं. १**

सबैला नगरपालिकाको लागि आर्थिक बर्ष ०८३।०८४ को निमित्त आन्तरिक राजश्व, कर संकलन गर्न बनेको आर्थिक विधेयक २०८३ उपर दफावार रुपमा छलफल भई यस नगरसभाको १५ औं अधिवेशनबाट पारित गरियो ।

**निर्णय नं. २**

सबैला नगरपालिकाको लागि आर्थिक बर्ष ०८३।०८४ को निमित्त चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम संचित कोषबाट खर्च गर्न बनेको विनियोजन विधेयक, २०८३ उपर दफावार रुपमा छलफल भई यस नगरसभाको १५ औं अधिवेशनबाट पारित गरियो ।

**निर्णय नं. ३**

नगरपालिका भित्र संचालन हुने गरी संघ तथा प्रदेश द्वारा शिक्षा, स्वास्थ्य, कृषि तथा पशु, उद्यम विकास, रोजगार सेवा केन्द्र, बहुक्षेत्रीय पोषण तर्फको विनियोजन लगायतका अन्य सशर्त रुपमा प्राप्त भएका आ.व. २०८३।०८४ का कार्यक्रमहरुलाई सशर्तमै तोकिए अनुसारका क्षेत्रमा खर्च गरिने गरि प्रस्ताव भएका कार्यक्रम अनुसूचीहरुलाई पारित गरियो ।

**निर्णय नं. ४**

चालु आ.व. २०८३।०८४ को बजेटमा उल्लेख भएको रकमबाहेक यस सबैला नगरपालिकालाई कुनै श्रोतवाट कार्यक्रम सहित रकम प्राप्त भएमा सोही बमोजिम खर्च गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ५**

सबैला नगरपालिकाको आ. व. २०८२।०८३ को शुरु देखि विभिन्न समिति तथा नगर कार्यपालिकाबाट हालसम्म भए गरेका सबै निर्णय तथा कार्यहरु आवश्यकताको आधारमा गरेको पाईएकोले पारित [illegible] समर्थन गर्ने प्रस्ताव पारित गरियो ।

निर्णय नं. ६
सबैला नगरपालिकाको शिक्षा ऐन, २०८३ को मस्यौदा माथि छलफल गरी आवश्यक संशोधन सहित पारित गरियो ।

निर्णय नं. ७
सबैला नगर कार्यपालिकाबाट कार्य सम्पादन गर्ने सम्बन्धमा आईपर्ने वाधा व्यवधान समेतलाई मध्यनजर गरी आवश्यक पर्ने नीति, ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा आदेशहरु जारी गरी लागु गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ८
सबैला नगरपालिकाको विभिन्न सडक तथा स्थायी संरचना निर्माण गर्नको लागि प्राप्त हुने वित्तीय स्रोत न्यून रहेकोले आवश्यक अध्ययन गरी नगर विकास कोष लगायतका वित्तीय साझेदार निकायहरुसंग पहल तथा सम्झौता गर्नको लागि नगर कार्यपालिकालाई अधिकार दिने निर्णय पारित गरियो ।

निर्णय नं. ९
सवै वडा समितिको निर्णयबाट माग भई आएका, यसै नगर सभाले अनुसूचिमा समावेश गरेका तर बजेटको प्राथमिकतामा पर्न नसकेका योजना र कार्यक्रमलाई नगरपालिकाको उपलब्ध स्रोत भएमा वा अन्य विकासका साझेदार निकायहरुसंगको साझेदारी भएमा संचालन गरी क्रमशः वडावासीका मागँलाई सम्वोधन गर्दै जाने निर्णय पारित गरियो ।

निर्णय नं. १०
यस नगरपालिका क्षेत्रमा साँस्कृतिक, धार्मिक, खेलकुद लगायत विभिन्न किसिमको कार्यक्रम सहयोग माग भएमा सम्भव भएसम्म नगद वा सम्बन्धित कार्यक्रमको लागि आवश्यक पर्ने सामग्री उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.११
यस नगरपालिका क्षेत्रमा संचालित विकास आयोजनाहरु संचालन गर्नका लागि आवश्यक पर्ने नगर दररेटलाई जिल्ला प्रशासन कार्यालय, धनुषाले तयार पारेको जिल्ला दररेट र सो जिल्ला दररेटमा उल्लेख नभएका दररेटको हकमा मात्र सम्बन्धित निकाय एवम् नजिकको नगरपालिका तथा जिल्लाले तयार पारेका दर्रेटलाई आधार मानी उक्त दररेटको अनुसूची बमोजिमको दररेट कायम गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२
यस नगर तथा वडा स्तरबाट संचालन हुने सार्वजनिक निर्माणका आयोजना तथा कार्यक्रमहरुमा पारित बजेट सीमाभित्र नियमानुसार लागत अनुमान बढीमा ३ प्रतिशत सम्म योजना सिरोभार (कन्टिनजेन्सी) खर्च समावेश गरी कार्यक्रम संचालन गरिने निर्णय पारित गरियो ।लागतको कम्तिमा १० प्रतिशत जन सहभागिता रकम दाखिला गर्ने गराउने र श्रम सहभागिताको हकमा कुल लागतको कम्तिमा १० प्रतिशत बराबर जन श्रमदान गर्ने गराउने निर्णय पारित गरियो।

**निर्णय नं.१३**

यस नगरपालिका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था लगायतका संघ संस्थाहरुले यस नगर क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु नगरपालिकाको पारित मापदण्डको अधिनमा रही नगरपालिकाले पारित गरे पश्चातमात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय पारित गरियो ।

**निर्णय नं.१४**

यस कार्यपालिकाको कार्यालय मार्फत संचालनहुने कतिपय कार्यक्रमको बजेट अख्तियारी पत्र प्राप्त नभएका वा ढिलो गरी प्राप्त भएका र पारित कार्यक्रममा थपघट भई आए समेतको कार्यक्रम संचालनका लागि बजेट अख्तियारी पत्रमा उल्लेखित मार्गदर्शन, निर्देशन अनुसार संचालन गर्न नगर कार्यपालिकाको कार्यालय सबैलालाई अधिकार प्रदान गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१५**

यस नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौत्ता कर, पेश्की, बेरुजु, ऋण तथा अन्य बाँकी बक्यौत्ता रकम बुझाउदै नबुझाउने एवम् फरफारक नगर्ने व्यक्ति तथा संस्थाहरुलाई नगर पालिकाबाट प्रवाह गरिने सेवा रोक्का गर्न र सोको लगत तयार गरी सार्वजनिक गरी असुल उपर गर्ने प्रकृया अवलम्बन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१६**

वडा स्तरीयमा समावेश नभएका तर प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पार्ने खालका योजनाहरु मागँभएमा त्यस्ता खालका योजनाहरु छनौट गरी बजेट व्यवस्था मिलाई संचालन गर्न समेतका लागि नगरपालिकाका नगर प्रमुखबाट पारित गराई कार्यपालिकावाट अनुमोदन गर्ने गरी कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.१७**

यस नगरपालिकामा संचालन हुने विभिन्न कार्यक्रमका निम्ति क्षेत्रगत कानून नबनेसम्म प्रचलित ऐन, कानून अनुसार संचालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १८**

यस नगरपालिकाको हाल कार्यरत संघ र प्रदेशबाट तलब निकासा भई तलब भत्ता खाने कर्मचारी बाहेक आ.व. २०८३।०८४ को लागि वार्षिक रूपमा अस्थायी दरबन्दी तपशिल बमोजिम हुने गरी यस नगरसभाबाट बहुमतले निर्णय गरियो ।

**करारका दरबन्दी**

| क्र.स. | पद | संख्या | पद पूर्तीको माध्यम |
|---|---|---|---|
| १. | सब-ईन्जिनियर (सिभिल) | ५ | करार/सेवा करार |
| २. | मेकानिकल सब-ईन्जिनियर | १ | करार/सेवा करार |

| | | | |
|---|---|---|---|
| २१.२ | हे.अ. | १६ | करार/सेवा करार |
| २१.३ | स्टाफ नर्स | ११ | करार/सेवा करार |
| २१.४ | डेन्टल असिस्टेन्ट | १ | करार/सेवा करार |
| २१.५ | अपथाल्मिक सहायक | १ | करार/सेवा करार |
| २१.६ | अ.न.मी. | ५ | करार/सेवा करार |
| २१.७ | अ.हे.व. | ६ | करार/सेवा करार |
| २१.८ | फार्मेसि सहायक | १ | करार/सेवा करार |
| २१.९ | ना.सु | १ | करार/सेवा करार |
| २१.१० | का.स. | ४ | करार/सेवा करार/डोर |
| २१.११ | सफाईकर्मी | ४ | करार/सेवा करार/डोर |
| २२. | नगर प्रहरी तर्फ | | |
| २२.१ | नगर प्र.अ.स.नि. | १ | करार/सेवा करार |
| २२.२ | नगर प्रहरी व.हवल्दार | १ | करार/सेवा करार |
| २२.३ | नगर प्रहरी हवल्दार | २ | करार/सेवा करार |
| २२.४ | नगर प्रहरी स.हवल्दार | २ | करार/सेवा करार |
| २२.५ | नगर प्रहरी जवान | ७ (२ महिला) | करार/सेवा करार |

निर्णय नं. १९

सबैला नगरपालिकामा नगर शिक्षकको दरबन्दीमा विभिन्न विधालयमा कार्यरत प्रा.वि. शिक्षक १३ जना, नि.मा.वि. शिक्षक ९ जना र मा.वि. शिक्षक ५ जना गरी जम्मा २७ जना स्वीकृत नगर शिक्षक दरबन्दीलाई निरन्तरता दिने निर्णय पारित गरियो ।

निर्णय नं.२०

सबैला नगरपालिकामा करार सेवा/सेवा करार/डोरमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन सन्तोषजनक देखिएमा कार्यरत कर्मचारीलाई प्रचलित कानुन बमोजिमको मासिक पारिश्रमिक तथा अन्य सुविधा दिने गरी २०८३ श्रावण १ गते देखि २०८४ असार मसान्त सम्मका लागि अवस्था हेरी करारको म्याद थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २१

स्थानीयतह कर्मचारी व्यवस्थापन सम्बन्धी साविकको संघीय मामिला तथा स्थानीयविकास मन्त्रालयको मिति २०७३।१२।०६ गतेको माननीय उप प्रधान मन्त्रिस्तरको निर्णय तथा मिति २०७५।०५।०२ गतेको मन्त्रि परिषदको निर्णयानुसार साविक स्थानीय निकायको पारित दरबन्दीमा नियुक्तिभई अस्थायी,

करारमा कार्यरत कर्मचारीहरुलाई स्थानीय तहको पारित दरबन्दीको रिक्तपदमा पद मिलान गरी अस्थायी/करार रुपमा कामकाजमा खटाएकोले सो को निरन्तरता दिने निर्णय पारित गरियो ।

निर्णय नं. २२

सबैला नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधिमा यस अघि इजाजतपत्रको खारेजी सम्बन्धि प्रावधान जम्मा १ वर्ष कायम भै आएकोलाई अव उपरान्त उक्त इजाजतपत्रको खारेजी प्रावधानको म्यादलाइ २ बर्ष कायम गर्ने निर्णय पारित गर्दै। म्याद अवधि भित्र इजाजतपत्र नविकरण गराउन नसक्ने निर्माण व्यवसायीहरुको हकमा त्यस्तो म्याद नाघेको छ महिना भित्र सो ईजाजतपत्र नविकरण गराउन चाहेमा सबैला नगरपालकिाको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम यस कार्यलयमा नियमानुसार दरखास्त प्राप्त हुनआए उक्त इजाजतपत्र उपर समिति द्वारा आवश्यक जाँचबुझ गरी नविकरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २३

यस सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यलयमा कार्यरत कर्मचारीहरुको आ. ब. २०८३।०८४ को तलबमान सहितको तलबी प्रतिवेदन पारित गरियो ।

निर्णय नं. २४

नगरपालिकामा कार्यरत कर्मचारीहरुको लागि सेवा सुरक्षा तथा अवकाश हुने अवस्थालाई ध्यान दिदै घटीमा रु. १० लाख कर्मचारी कल्याण कोषमा जम्मा गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २५

आ.व. २०८२।०८३ को संशोधित आय र स्वीकृत कार्यक्रम तथा बजेटको बास्तविक खर्च अनुमोदन गर्ने र भुक्तानि दायित्व सरेका, निरन्तरता दिनुपर्ने योजना/कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २६

कामको चाप र जनशक्तिको अभावका कारण समयमै कार्य सम्पादनमा कठिनाई हुने भएकोले प्रमुख प्रशासकीय अधिकृतलाई आवास सुविधा, चार पांग्रे सवारी साधन र का.स. स्तरको भान्से विनियोजित बजेट र शिर्षकवाट खर्च लेख्ने गरी उपलब्ध गराउने निर्णय पारित गरियो। साथै कर्मचारीको कार्य सम्पादनमा प्रभावकारिता ल्याउन प्रमुख प्रशासकीय अधिकृतलाई ३५%, नगर कार्यापालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुलाई ३०% प्रोत्साहन भत्ता कार्यसम्पादनको आधारमा उपलब्ध गराउने निर्णय समेत पारित गरियो ।

निर्णय नं. २७

नगर प्रमुख, उपप्रमुख, नगर कार्यपालिकाको सदस्य तथा नगरसभाको सदस्यहरुलाई संसदिय प्रकृया र नगरपालिका सम्वन्धि अध्ययन अन्वेषण, अवलोकन र अनुभव आदान प्रदान गर्न गराउन नेपालको कुनै प्रदेश अन्तर्गतको कुनै निश्चित क्षेत्रमा प्रतिनिधि तथा प्रतिनिधि मण्डलको रुपमा भ्रमण गर्दा गराउँदा नियमानुसारको भ्रमण खर्च उपलब्ध गराउने निर्णय पारित गरियो ।

**निर्णय नं. २८**

दुई वा दुई भन्दा बढी स्थानीय तहलाई प्रत्यक्ष फाइदा पुग्ने योजना संचालन गर्न आवश्यक सहकार्य तथा समन्वय गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गरियो ।

**निर्णय नं. २९**

सबैला नगरपालिकाको नगर कार्यपालिकामा प्रस्तुत भएको आ .ब. ०८३/०८४ को बजेटमा व्यवस्था भए बमोजिमको रकमबाट आवश्यकता अनुसार खरीद गर्नु पर्ने निर्माण सामग्री, सेवा तथा वस्तुहरुको खरिद योजना पारित गरी लागु गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३०**

सबैला नगरपालिकाको आ.ब. २०८३/०८४ मा सञ्चालन हुने विकास निर्माण आयोजनाहरुको बार्षिक कार्यक्रम तथा बजेट बमोजिमको योजना कार्यक्रम समय भित्रै सम्पन्न गर्ने नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक मार्गदर्शन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३१**

आ.व. २०८३/०८४ का लागि वडा समितिबाट माग भई आएका तथा नगर स्तरका सम्भाव्यत रहेका योजनाहरु मध्ये नगरपालिकाको बजेटवाट संचालन हुन नसकेका योजनाहरु योजना वैंकमा राखी प्राथमिकताका आधारमा प्रदेश र संघमा सिफारिस गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३२**

नगरपालिका भित्र संचालनमा रहेका सबै खालका संस्थागत व्यवसायहरुलाइ यस चालु आ. व. मा व्यवसाय दर्ता तथा नविकरणका लागी वडा स्तरमै व्यवसाय दर्ता गर्ने अभियानलाई निरन्तरता दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ३३**

उपभोक्ता समिति मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यान्वयनका लागि निश्चित अवधिको सूचना दिई न.पा. द्वारा वडा कार्यालयको सिफारिसमा उपभोक्ता समिति गठन गर्न संझौताका लागि जानकारी दिने र तोकिएको अवधिमा संझौता गर्न नआएमा अन्य व्यवस्थाद्वारा नगर कार्यपालिकाबाट योजना कार्यान्वयन गर्ने गराउने निर्णय पारित गरियो ।

**निर्णय नं.३४**

यस नगरपालिका क्षेत्र भित्रलाग्ने साप्ताहिक हाट बजार पोखरी ठेक्का बन्दोवस्त लगायत आय आर्जन हुने खालका कार्यक्रमहरु पारदर्शि एवम् मितव्ययी तरिकाले राजस्व संकलन गर्न न्यूनतम ठेक्का अंककायम गरी ठेक्का बन्दोवस्त गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय पारित गरियो । यस नगरपालिकाको १३ वटै वडाका ठेक्का लाग्न बाँकी रहेका सार्वजनिक डवरा, पोखरी तथा हाट बजारहरुको ठेक्का बन्दोवस्त गर्न आवश्यकता अनुसार बढीमा ५ वर्ष सम्मको लागि उपयूक्त माध्यमबाट ठेक्का बन्दोवस्त गर्ने गरि नगर

कार्यपालिकालाई अधिकार दिने र थप सार्वजनिक पोखरी डबरा आदी खोज र विवरण तयार गरी सरसफाई तथा सौन्दर्यीकरण गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ३५

सबैला नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका विभिन्न मितिमा भएको वस्तीस्तरीय भेला, वडा समिति बैठक तथा विषयगत समिति बैठक कार्यक्रम तथा योजना तर्जुमा समिति हुदै नगरपालिकाको कार्यपालिका बैठकबाट सिफारिस भएको र प्राप्त सुझावहरु समेत समेटिएको निम्नानुसारको नीति, कार्यक्रम तथा बजेटलाई स्वीकृत प्रदान गर्ने निर्णय पारित गरियो । साथै नगर कार्यपालिकाद्धारा पेश हुन आएको संलग्न आ. व. २०८३/०८४ आय व्यय विवरण (बजेट) एंव कार्यक्रम, योजना तथा बजेट अनुसुची बमोजिम पारित गर्ने र नगर सभाले कार्यपालिकालाइ, कार्यपालिकाले नगर प्रमुखज्यु लाई नगर प्रमुखज्युले प्रमुख प्रशासकीय अधिकृतलाई खर्चको अख्तियारी दिने निर्णय पारित गरियो।

निर्णय नं. ३६

यस नगरपालिकामा विभिन्न कार्यक्रम संचालन गर्न गैह्र सरकारी संस्थाकोहकमा नियमानुसार सूचिकृत गरी सोही मध्येबाट छनौट गरी कार्य संचालन गर्न २ वर्ष अनुभव र समाजकल्यान परिषद वा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको संस्थाहरु लाई मात्र छनौट गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३७

यस नगरपालिकाको विकास निर्माणको निम्ती विगतका वर्षमा ठेक्का सम्झौता भई विभिन्न कारण बस कार्य सम्पन्न हनु नसकि ठेक्काको म्याद सकिएका वडा कार्यालय भवन निर्माण १० नं. वडा, अधुरो वडा कार्यालय भवन निर्माण कार्य वार्ड नं.३, वडा कार्यालय भवन निर्माण वडा नं.८, प्रविण साहको घर देखि गुदरि साहको घर सम्म सडक तथा नाला निर्माण कार्य सबैला न.पा.०२, जरहिया पिपल देखि पर्साही जाने बाटो सडक पि सि सि ढलान वडा नं.०४, नथुनी साहको घर देखी सुखित यादवको घरसम्म नाला सहितको कालोपत्रे सडक वडा नं. २, गुदरी साहको घर देखि दिप नरायण महतोको घर सम्म कालोपत्रे सडक योजनाहरु अलपत्र अवस्थामा रहेको हुनाले यी सम्पुर्ण योजनाहरुलाइ सम्पन्न एबंम पुरा गर्ने उदेश्यले यस नगरसभावाट पुनः बजेट विनियोजन गरी अन्तिम पटकको लागी म्याद थप गर्न निर्देशन दिने निर्णय पारित गरियो।

निर्णय नं. ३८

यस नगरपालिकाको आ.व.२०८२।०८३ मा भएका ई-बिडिङ्ग मार्फत लगाइएका योजनाहरुमा रहेका अपुग रकम राखि ती सम्पुर्ण योजनाहरुलाई सम्पन्न एबंम पुरा गर्ने उदेश्यले यस नगरसभाबाट बजेट विनियोजन गरी वहुवर्षिय योजनाको रुपमा निरन्तरता दिन निर्देशन दिने निर्णय पारित गरियो।

निर्णय नं. ३९
यस नगरपालिकाबाट गत आ.ब. मा भए गरेका कार्यको बाँकी भुक्तानी तथा शसर्त अनुदानतर्फका खर्च नभई फिर्ता गर्नुपर्ने बाँकी रकम भुक्तानी तथा फिर्ता चालु आ.ब. ०८२।०८३ मा गरिने निर्णय पारित गरियो ।

निणर्य नं. ४०
डि.पि.आर निर्माण गरी कार्य गर्ने तथा नगरपालिका अन्तर्गत निर्माण हुने विभिन्न भवन, सडक, मठमन्दिर, सामुदायिक भवन लगायत अन्य कार्यको लागि रु १ करोड भन्दा माथिको लागत अनुमान हुने योजनाका लागि मात्र डि.पि.आर निर्माण गरी कार्य अगाडि वढाउने निर्णय पारित गरियो ।

निर्णय नं. ४१
यस नगरपालिकाको आ.ब.२०८३।०८४ का लागि संचालन हुने तालिम, गोष्ठी, परीक्षा, अनुगमन खर्चको सीमा प्रचलित कानुन बमोजिम हुने तथा प्रचलित कानुनमा स्पस्ट नभएमा देहाय बमोजिम पारित गर्ने निर्णय पारित गरियो ।

| क्र.सं. | विवरण | इकाई | बढीमा खर्च सिमा |
|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | प्रतिदिन | १०००।- |
| २ | आन्तरिक प्रस्तुतकर्ता | | |
| २.१ | प्रमुख प्रशिक्षक वा सहजकर्ता | प्रतिकक्षा | १५००।- |
| २.२ | सहायक प्रशिक्षक वा सहजकर्ता | प्रतिकक्षा | १२००।- |
| २.३ | प्रमुख प्रशिक्षक वा सहजकर्ता | प्रतिदिन | ३०००।- |
| २.४ | सहायक प्रशिक्षक वा सहजकर्ता | प्रतिदिन | १५००।- |
| २.५ | कार्यपत्र वापत | | १०००।- |
| ३ | बाहिरी प्रस्तुतकर्ता | | |
| ३.१ | प्रमुख प्रशिक्षक वा सहजकर्ता | प्रतिकक्षा | २५००।- |
| ३.२ | सहायक प्रशिक्षक वा सहजकर्ता | प्रतिकक्षा | १५००।- |
| ३.३ | प्रमुख प्रशिक्षक वा सहजकर्ता | प्रतिदिन | ६०००।- |
| ३.४ | सहायक प्रशिक्षक वा सहजकर्ता | प्रतिदिन | ३०००।- |
| ३.५ | कार्यपत्र वापत | | १५००।- |
| ४ | खाजा खर्च | प्रतिजना | २५०।- |
| ५ | खाना खर्च | प्रतिजना | ४००।- |
| ६ | सहभागी यातायातखर्च | प्रतिजना | ५००।- |

| | | | |
|---|---|---|---|
| ७ | बाहिरको प्रशिक्षक दै.भ्र.भ. | प्रतिदिन | १६००।- |
| ८ | बाहिरको प्रशिक्षक यातायातखर्च | विलअनुसार | नियमाअनुसार |

**नोटः** यसमा उल्लेख खर्चको सिमा तथा दर नेपाल सरकारबाट तोकिए बमोजिम हुनेछ । विशेष प्रकृतिको तालिम राष्ट्रिय स्तरको औचित्य पुष्टयाई हुने गरी सम्झौताको आधारमा प्रशिक्षक भत्ता उपलब्ध गराईनेछ।

**निर्णय नं. ४२**

यस नगरपालिकामा संचालन हुने जुनसूकै कार्यक्रमका निमित्त अनुगमन भत्ता वापत निम्नानुसार उपलब्ध हुने निर्णय पारित गरियो ।

| विवरण | इकाई | दर |
|---|---|---|
| नगरपालिका प्रमुख | प्रतिदिन | ३०००।— |
| नगरपालिका उपप्रमुख | प्रतिदिन | २५००।— |
| प्रमुख प्रशासकीय अधिकृत | प्रतिदिन | २५००।— |
| वडाध्यक्ष/सदस्य | प्रतिदिन | १५००।— |
| अनुगमनभत्ता | प्रतिदिन (अधिकृत स्तर) | १५००।— |
| अनुगमनभत्ता | प्रतिदिन (सहायक स्तर) | १२००।— |
| अनुगमन भत्ता सहयोगीस्तर | प्रतिदिन (तह विहिन) | ७००।— |

– अनुगमन सम्बन्धि जिम्मेवारी पाएका जिम्मेवारपदाधिकारीले अनिवार्य रुपमा अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ । अनुगमन प्रतिवेदन बेगर नगरपालिका भित्र अनुगमन गरेमा नगरसभाले पारित गरेको तथा संचालन भएको योजना आयोजनाहरुको भुक्तानी दिन कार्यालयलाई वाधा नपर्ने समेत निर्णय पारित गरियो ।

**निर्णय नं. ४३**

विगत देखि समाजिक परिचालक सहजकर्तामा कार्यरत रहेका रामसागर रायलाई सबैला नगरपालिकाको आन्तरिक तथा अन्य आय श्रोतबाट तलब भत्ता तथा अन्य सुविधा पाउने गरी पहिलाको सेवा शर्त अनुसार हुने गरी २०८३ श्रावण १ गते देखी बढीमा २०८४ असार मसान्तसम्म निरन्तरता दिने निर्णय पारित गरियो।

**निर्णय नं. ४४**

प्रधानमन्त्री रोजगार कार्यक्रम संघीय अनुदानबाट संचालन हुँदै आएकोमा आगामी आ.व. २०८३।०८४ देखि उक्त कार्यक्रम संचालन गर्न स्थानीय तहलाई नै जिम्मेवारी हस्तान्तरण भई आएकाले, विभागको पत्रको मर्म अनुसार उक्त कार्यक्रम संचालन गर्नु अपरिहार्य रहेको हुनाले सो कार्यक्रम संचालन गर्ने जनशक्तिलाई नगरपालिकाको स्रोतबाट नै सेवा सुविधा उपलब्ध गराई कार्यक्रम संचालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४५

सबैला नगरपालिकामा आवश्यकता तथा मागका आधारमा विपन्न नागरिकलाई आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ । आर्थिक सहयोगको माग भएमा नगर प्रमुखको तोकआदेश वमोजिम विपन्न नागरिकलाई सहयोगको अवस्थाको विश्लेषण गरी सोझै ५ हजार देखि २० हजार सम्म र दुर्घटना भई मृत्यु भएकाका हरुलाइ किरिया खर्च वापत रु २५ हजार सोझै भुक्तानी गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४६

विगतमा योजना संचालन भई अधुरो रहेका तथा कार्य सम्पन्न भएको र योजनाको बजेट अपुग भई भुक्तानी हुन् बाँकी रहेका योजनालाई (म.ले.प.फा.नं. २२१) आवश्यक कानुनी प्रकृया अपनाई, आवश्यक बजेट विनियोजन गरी म्याद थप गरी गराई भुक्तानी गर्ने गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ४७

सबैला नगरपालिकाको कार्यपालिकाको विभिन्न मितिको बैठकले यस सभामा प्रस्ताव गरेका सम्पुर्ण प्रस्ताव तथा विधियेकहरुलाई अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४८

यस नगरपालिका अन्तर्गतका विभिन्न किसिमका सूचनाहरुलाई तपशिल बमोजिम बर्गिकरण गर्ने निर्णय पारित गरियो ।

| सूचना वर्ग | विवरण | नगरपालिकाका उदाहरणहरू |
|---|---|---|
| १. सार्वजनिक | सर्वसाधारणलाई उपलब्ध गराउन मिल्ने सूचना | नीति तथा कार्यक्रम, बजेट, वार्षिक योजना, सार्वजनिक खरिद सूचना, टेण्डर सूचना, नागरिक वडापत्र, सेवा प्रवाह प्रक्रिया, कर तथा शुल्क दर, सार्वजनिक सूचना, प्रेस विज्ञप्ति, वेबसाइटमा प्रकाशित विवरण, सार्वजनिक सुनुवाइ प्रतिवेदन |
| २. आन्तरिक | कार्यालयभित्र प्रयोग हुने तर अत्यधिक संवेदनशील नभएका सूचना | कार्यालय आदेश, शाखागत कार्ययोजना, कर्मचारी बैठकको माइन्युट, आन्तरिक पत्राचार, कार्यालय सम्पत्ति विवरण, कार्य प्रगति प्रतिवेदन, कर्मचारी हाजिरी, VPN/नेटवर्क सञ्चालन निर्देशिका, IT सञ्चालन म्यानुअल |

| | | | |
|---|---|---|---|
| ३. | ईलेक्ट्रिकल सब-ईन्जिनियर | १ | करार/सेवा करार |
| ४. | असिष्टेन्ट सब-ईन्जिनियर (सिभिल) | २ | करार/सेवा करार |
| ५. | ईलेक्ट्रिसियन (चौथो तह सरह) | २ | करार/सेवा करार |
| ६. | अमिन | २ | करार/सेवा करार |
| ७. | स.क.अ. (चौथो तह सहायक सरह) | १८ | करार/सेवा करार/डोर |
| ८. | सुपरभाइजर (चौथो तह सरह) | ४ | करार/सेवा करार |
| ९. | का.स. | २६ | करार/सेवा करार/डोर |
| १०. | सवारी चालक (जिप), हलुका | ४ | करार/सेवा करार |
| ११. | सवारी चालक (ट्राक्टर, लेभ्लर मेसिन समेत), हलुका | ४ | करार/सेवा करार |
| १२. | हेभी सवारी चालक (वारुणयन्त्र, ट्रिपर समेत) | ३ | करार/सेवा करार |
| १३. | सवारी चालकको हेल्पर (हेभी र वारुणयन्त्र समेत) | ६ | करार/सेवा करार |
| १४. | अपरेटर (व्याक हु लोडर) | १ | करार/सेवा करार |
| १५. | ईलेक्ट्रिकल-हेल्पर (का.स. सरह) | २ | करार/सेवा करार |
| १६. | प्लम्बर (चौथो तह सरह) | १ | करार/सेवा करार |
| १७. | कुचिकार (सर सफाई कर्मचारी-मेस्तर) | १३ | करार/सेवा करार |
| १८. | नगर प्रमुख कार्यकक्ष | | |
| १८.१ | प्रेस संयोजक (पाँचौ तह सरह) | १ | करार/सेवा करार |
| १८.२ | का.स.(भान्से समेत) | १ | करार/सेवा करार/डोर |
| १९. | नगर उप-प्रमुख कार्यकक्ष | | |
| १९.१ | का.स.(भान्से समेत) | १ | करार/सेवा करार/डोर |
| २०. | प्रमुख प्रशासकीय अधिकृत कार्यकक्ष | | |
| २०.१ | का.स.(भान्से समेत) | १ | करार/सेवा करार/डोर |
| २१. | स्वास्थ्य तर्फ | | |
| २१.१ | मेडिकल डाक्टर (मे.अ.) | २ | करार/सेवा करार |

| | | |
|---|---|---|
| ३. गोप्य | अनधिकृत व्यक्तिलाई उपलब्ध गराउँदा संस्था वा व्यक्तिलाई हानि पुग्न सक्ने सूचना | कर्मचारीको व्यक्तिगत विवरण, नागरिकको व्यक्तिगत विवरण (जन्म, मृत्यु, विवाह, बसाईंसराइ दर्ता), करदाताको विवरण, बैंक खाता विवरण, जग्गा तथा सम्पत्ति सम्बन्धी संवेदनशील अभिलेख, मूल्याङ्कन समितिको प्रतिवेदन (नतिजा सार्वजनिक हुनुअघि), CCTV रेकर्ड, साइबर सुरक्षा प्रतिवेदन, प्रणालीका Backup फाइलहरू |
| ४. अत्यन्त गोप्य | चुहावट हुँदा गम्भीर कानुनी, आर्थिक वा सुरक्षा जोखिम हुने सूचना | Server Root Password, Database Administrator Password, Encryption Key, Digital Signature Private Key, Disaster Recovery Key, Network Firewall Configuration, VPN Master Key, Cyber Security Incident Response Plan (संवेदनशील भाग), राष्ट्रिय सुरक्षा निकायसँग सम्बन्धित गोप्य पत्राचार, अनुसन्धानाधीन भ्रष्टाचार वा कानुनी कारवाहीका गोप्य कागजात |

ऐतिहासिक नगरसभाको १५ औं अधिवेशनमा उपस्थित भै माथि उल्लेखित निर्णयहरु पारित गर्न र संचालनमा सहयोग पुर्याउने नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरु तथा सम्पूर्ण नगरवासीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै यो ऐतिहासिक नगरसभा यही समापन भएको घोषणा गर्दछु।

प्रस्तुत सबैला नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनबाट भएका निर्णयहरु नगरसभा संचालन कार्यविधि २०७४ को दफा २२(१) बमोजिम नगरसभाबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु ।

हस्ताक्षर

.....................

कारीराम यादव

नगरसभा अध्यक्ष

मितिः-